dfodangghorahi@gmail.com
फोन नं. ०८२-५६००१४

लुम्बनी प्रदेश सरकार
वन, वातावरण,पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (दाङ)

## घोराही,दाङ

ईश्वरी प्रसाद पौडेल
सिनियर डिभिजन वन अधिकृत
२०८१।९।१५

### रूखहरु कटान, मुछान तथा घाटगद्दी गर्न ठेक्का बन्दोबस्त / शिलबन्दी घटाघटको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८१/०९/१५**

डिभिजन वन कार्यालय दाङ (दाङ) अन्तर्गत पुरन्धारा सव डिभिजन वन कार्यालयको कार्यक्षेत्रको बबई गाऊँपालिका वडा नं. ५ स्थित कालापानीखोला चक्ला (सरकारद्धारा व्यवस्थित वन) वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा गरिनु पर्ने वन व्यवस्थापन क्रियाकलाप अन्तर्गत C1S1 सब कम्पार्टमेन्टमा (Sub compartment) पुनरूत्पादन कटान (Regenaration felling) को लागी कटान गरिनु पर्ने / हटाउनु पर्ने र C1S6 सब कम्पार्टमेन्टमा सुधार कटान तथा पत्ल्याउनु पर्ने (Improvement felling and Thinning) क्रियाकलाप अन्तर्गत हटाउनु / संकलन गर्नु पर्ने ( ठेक्का नं.२ ) समेतका तपशिल अनुसारका साल,असना, जामुन लगायत प्रजातीका जम्मा ५१७ वटा रूखहरू घटाघट प्रक्रियाद्वारा कटान / मुछान, संकलन गरी उत्पादन हुने अनुमानित ६०९४.८३ क्यू.फी. गोलिया काठ र ९.६५ चट्टा दाउरा कटान वन क्षेत्र (Annual working area) बाट पुरन्धारा सव डिभिजन वन कार्यालय हापुरे दाङको परिसर सम्म ढुवानी तथा घाटगद्दी गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।मुल्य अभिबृद्धी कर तथा स्थायी लेखा नम्बर ( **PAN**) दर्ता प्रमाण पत्र भएका, नियमानुसार सुचिकृत, काठ दाउरा सम्बन्धी कारोबार गर्ने ईच्छुक संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र श्री वन निर्देशनालय, बुटवल वा डिभिजन वन कार्यालय दाङ (दाङ) घोराहीमा बोलपत्र खरीद गरी २२ औं दिन दिनको १२.०० बजे भित्र डिभिजन वन कार्यालय दाङ (दाङ) घोराहीमा बोलपत्र दाखीला गर्न आव्हान गरिन्छ ।पुर्ण व्यहोराको सूचना कार्यालयको सुचना पाटीमा टाँस गरिएको छ ।

<u>तपशिल</u>

१. रूखहरूको विवरणः

| क्र.सं. | ठेक्का नं. | कटान प्लट (Annual working area) / वन क्षेत्र | कटान/ संकलन गरिने रूखहरूको विवरण | | | उत्पादन हुने अनुमानित परिमाण | | कटान,मुछान, ढुवानी तथा घाटगद्दिको अधिकतम मुल्यांकन रकम ( मु.अ.कर बाहेक) रू. | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | किसिम | प्रजाती | संख्या | काठ (घ.फी.) | दाउरा (चट्टा) | | |
| १ | १ | पुनरूत्पादन कटान (**Regeneration felling)** | | | | | | | |
| १.१ | | **C1S1** सब | हरियो खडा | साल | १११ | २३७४.८६ | ५.७१ | ७,७०,१४३ | |

dfodangghorahi@gmail.com
फोन नं. ०८२-५६००१४

लुम्बनी प्रदेश सरकार
वन, वातावरण,पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (दाङ)

## घोराही,दाङ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.२ | | कम्पार्टमेन्ट | | असना | ३५ | ६०९.८६ | १.८२ | | |
| १.३ | | | | जामुन | १३ | १७९.१३ | ०.६७ | | |
| १.४ | | | | धौटी | १७ | १४९.४२ | ०.५२ | | |
| १.५ | | | | भुडकुल | १ | ३२.१६ | ०.०६ | | |
| १.६ | | | | बर्रो | ३ | १८.३८ | ०.१ | | |
| १.७ | | | | तराईका अन्य | १४ | ५३.६४ | ०.५२ | | |
| | | जम्मा | | | १९४ | ३४१७.४५ | ९.४० | | |
| २ | २ | सुधार कटान तथा पतल्याउनु पर्ने कटान (**Improvement felling and Thinning**) | | | | | | | |
| २.१ | | **C1S6** सब कम्पार्टमेन्ट | ढलापडा,सुखड खडा, अर्ध मृत | खयर | ३२० | २५५६.३६ | | ५,२५,९२० | |
| २.२ | | | ढलापडा | साल | ३ | १२१.०२ | ०.२५ | | |
| | | जम्मा | | | ३२३ | २६७७.३८ | ०.२५ | | |
| **C1S1** र **C1S6** दुबै सव कम्पार्टमेन्टको जम्मा | | | | | ५१७ | ६०९४.८३ | ९.६५ | १२,९६,०६३ | |

(२) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :-

(क) अन्तिम मिति :-२०८१ /१०/०७ गते (ख) समय :- दिनको १२:०० बजे सम्म ।

(३) बोलपत्र श्री वन निर्देशालय, वुटवल वा श्री डिभिजन वन कार्यालय, दाङ (दाङ) मा खरिद गरी श्री डिभिजन वन कार्यालय, दाङ (दाङ) मा दाखिला गर्नु पर्नेछ ।

(४) बोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड, शाखा कार्यालय घोराही, दाङको ०२७०२००००२००३००००१ प्रदेश धरौटी खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ। धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम बोलपत्र साथ पेश गर्न पाईने छैन । यसरी नगद रकमको धरौटी पेश भएमा वोलपत्र स्वतःअमान्य हुनेछ ।

(५) बैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिनासम्मको लागी हुनुपर्ने छ ।

(६) बोलपत्र फारम रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी श्री वन निर्देशालय, वुटवल वा श्री डिभिजन वन कार्यालय, दाङ (दाङ) बाट खरिद गर्न सकिने छ ।

dfodangghorahi@gmail.com
फोन नं. ०८२-५६००१४

लुम्बनी प्रदेश सरकार
वन, वातावरण,पर्यटन तथा खानेपानी मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (दाङ)

## घोराही,दाङ

(७) कटान, मुछान, ढुवानी तथा घाटगद्दि गर्नु पर्ने रूखहरू कार्यालय खुलेको समय भित्र सम्बन्धीत वनक्षेत्रमा गई हेर्न सकिने छ।

(८) रूख कटान, मुछान, काठ दाउरा ढुवानी तथा घाटगद्दी को बोलपत्रको प्रतिस्पर्धामा रीतपूर्वकको स्थायी लेखा नम्बर **(PAN)** र मूल्य अभिबृद्धि कर **(VAT)** दर्ताको प्रमाणपत्र, उद्योग सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी र कर चुक्ताको प्रमाण भएको काठ दाउरा सम्बन्धी कारोवार गर्ने स:मिल उद्योग/व्यवसायी/फर्महरुले मात्र भाग लिन पाउने छन् ।

(९) लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाणपत्रको प्रतिलिपी र उद्योग सूचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

(१०) यसमा उल्लेखीत काठ दाउराको परिमाण अनुमानित परिमाण भएकोले रूख कटान/संकलन भई उत्पादन भएका काठ दाउराको वास्तविक परिमाण ढुवानी तथा घाटगद्दि गर्नु पर्ने र सोही आधारमा बोलपत्रदातालाई रकम उपलब्ध गराईने छ । यसरी कार्यालयले उपलब्ध गराउनु पर्ने रकम कार्यालयको खातामा तत्काल उपलब्ध भए सम्म तत्कालै र तत्काल उपलब्ध नभएमा सो काठ दाउरा लिलाम बिक्री भई घाटगद्दी रकम दाखीला भए पश्चात वा कार्यालयमा तालुक निकायबाट उपलब्ध भए पश्चात उपलब्ध गराईने छ ।

(११) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/१०/ ०७ गते दिनको २.०० बजे डिभिजन वन कार्यालय, दाङ (दाङ) बोलपत्रदाता फर्मको प्रतिनिधी वा साछीहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता फर्मको प्रतिनिधी वा साछीहरुको अनुपस्थीतिमा पनि बोलपत्र खोल्न सकिने छ ।

(१२) सिलबन्दी बोलपत्र सम्बन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन् ।

(१३) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ७ (सात) दिन भित्र ठेक्का करार गर्न आउनु पर्ने छ । नियमानुसार कार्यसम्पादन धरौटी लिई ठेक्का करार / सम्झौता गरिनेछ।

(१४) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ

(१५) बोलपत्र स्विकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

(१६) माथी उल्लेख गरेको शर्तहरु बाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन ।

(१७) यसमा नखुलेको अन्य विषयहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।